अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग २ सँग सम्बन्धित)

# विदेह नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : ४ मिति : २०७८/०२/३०

## भाग-२

### शिक्षण सहयोग अनुदान सम्बन्धि कार्यविधि-२०७८

विदेह नगरपालिकाको नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७८।०२।३०

प्रस्तावना : विद्यालय शिक्षालाइ सर्वशुलभ, व्यवस्थित, मर्यादित एवं गुणस्तरीय बनाइ सबै नागरिकमा शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता गर्ने उद्देश्यले यस नगरपालिका भित्रका मा.वि. र आधारभूत (मा.वि., नि.मा.वि.र प्रा.वि.) तह संचालित न्यून दरबन्दी भएका विद्यालयहरुको पठनपाठनमा सहयोग पुऱ्याउन आवश्यक देखिएकोले शिक्षण सहयोग अनुदान वितरण, पदपूर्ति र परिचालन गर्नका लागि शिक्षण सहयोग अनुदान सम्बन्धि कार्यविधि-२०७८ विदेह नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ को दफा ४ बमोजिम विदेह नगर कार्यपालिकाको मिति २०७८।०२।३० मा बसेक विदेह नगरपालिकाको कार्यपालिका बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।



CamScanner

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

क. यो कार्यविधिको नाम शिक्षण सहयोग अनुदान सम्बन्धि कार्यविधि-२०७८ रहनेछ । यो कार्यविधि विदेह नगर कार्यपालिकाले पारित गरेको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क. "कार्यविधि" भन्नाले शिक्षण सहयोग अनुदान सम्बन्धि कार्यविधि-२०७८ सम्झनुपर्छ ।

ख. "मा.वि." भन्नाले कक्षा ९-१०/९-१२ संचालन भएका विद्यालयहरु सम्झनुपर्छ ।

ग. "आधारभूत (नि.मा.वि.)" भन्नाले कक्षा ६-८ सम्म संचालन भएका विद्यालयहरु सम्झनुपर्छ ।

घ. "आधारभूत (प्रा.वि.)" भन्नाले कक्षा १-५ सम्म संचालन भएका विद्यालयहरु सम्झनुपर्छ ।

ङ. वालविकास शिक्षा भन्नाले: चार वर्ष पुरा गरेको वालवालिकाहरुलाई दिइने शिक्षा सम्झनु पर्छ ।

च. "व्यस्थापन समिति" भन्नाले विद्यालयको व्यवस्थापनको लागि नियमानुसार गठन भएका वि.व्य.स.लाई सम्झनुपर्छ ।

छ. "शि.अ.संघ" भन्नाले विद्यालयको शैक्षिक गुणस्तर विकासको लागि नियमानुसार गठन भएको शिक्षक अभिभावक संघलाई सम्झनुपर्छ ।

ज. "प्र.अ." भन्नाले विद्यालयको शैक्षिक एवं प्रशासनिक प्रमुखलाई सम्झनुपर्छ ।

झ. "शिक्षक" भन्नाले विद्यालयमा प्रा.वि.तह देखि मा.वि. तह सम्म अध्यापन गर्ने व्यक्तिलाई सम्झनुपर्छ.र सो शब्दले प्र.अ. समेतलाई जनाउँछ ।

ञ. "न. पा." भन्नाले विदेह नगरपालिकालाई सम्झनुपर्छ ।

ट. "कर्मचारी" भन्नाले विद्यालयलाई सशर्त अनुदानबाट प्राप्त दरबन्दी र अनुदान तथा विद्यालयले आफ्नो आवश्यकता अनुसार दरबन्दी सिर्जना गरी कार्यरत लेखापाल, कार्यालय सहायक, कार्यालय सहयोगी, कम्पयुटर अपरेटर, लाइब्रेरियन, चौकीदार र स्वीपर (शौचालय सफाइकर्मी लाई सम्झनुपर्छ ।)



CS CamScanner

ठ. "अभिभावक" भन्नाले विद्यालयमा आफ्ना विद्यार्थी भर्ना गराइ नियमित रुपमा अध्ययन गर्ने कार्यमा सहभागी गराएका तथा शिक्षा नियमावली अनुसार पालणपोषण गर्ने व्यक्तिलाई सम्झनुपर्छ ।

ड. "आयोग" भन्नाले शिक्षक सेवा आयोग सम्झनु पर्दछ ।

ढ. "विषयविज्ञ" भन्नाले आधारभूत तह (कक्षा १-८) र माध्यमिक तह (कक्षा ९-१२) सम्म शिक्षक छनौट परीक्षा सञ्चालनको लागि न.पा. शिक्षा शाखाबाट सूचिकृत भएका आधारभुत (प्राथमिक/निम्नमाध्यमिक) तह, माध्यमिक तहका शिक्षकहरु र स्रोत व्यक्तिलाई समेत सम्झनुपर्छ ।

ढ. "सम्बन्धित निकाय" भन्नाले नगरपालिका, शिक्षा विकास तथा समन्वय इकाई, प्रदेश/शिक्षा निर्देशनालय लाई प्रसंग अनुसार सम्झनुपर्छ ।

ण. अन्य शब्द, नामावली र पदको अर्थ प्रचलित ऐन, कानुन र नियमानुसार रहेको सम्झनुपर्छ ।

३. **उद्देश्य :** विदेह नगरपालिका भित्रका मा.वि.र आधारभूत (नि.मा.वि.र प्रा.वि) तह संचालित न्यून दरबन्दी भएका विद्यालयहरुको पठन पाठनलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि सहयोग पुऱ्याउन आवश्यक देखिएकोले अनुदान वितरण, दक्ष, योग्य शिक्षक छनौट गर्न, सेवा, सर्त, सुविधा, काम कर्तव्य, अधिकार, पुरस्कार र सजाय सम्बन्धी प्रावधानहरु स्पष्ट पार्ने उद्देश्यले शिक्षण सहयोग अनुदान सम्बन्धि कार्यविधि-२०७८ निर्माण गरिएको छ ।

## परिच्छेद-२
## शिक्षण अनुदान, दरबन्दी र शैक्षिक योग्यता

४. **शिक्षण सहयोग अनुदान :** विदेह नगरपालिकाले शिक्षण सहयोग अनुदानको लागि छुट्टयाइएको रकम निम्नानुसार वितरण गरिनेछ ।

क) मा.वि. तह संचालित विद्यालयहरु मध्ये शुन्य दरबन्दी एवं शिक्षक अनुदान नपाएका विद्यालयलाई कम्तिमा १ जना र बढिमा २ (दुई) जना शिक्षकको लागि अनुदान ।

ख) मा.वि.तह संचालित विद्यालयहरु मध्ये १(एक) दरबन्दी वा शिक्षक अनुदान पाएका विद्यालयलाई १ (एक) जना शिक्षकको लागि अनुदान ।

ग) आधारभूत तह (नि.मा.वि.) कक्षा ६-८ संचालित विद्यालयहरु मध्ये



CamScanner

शुन्य दरबन्दी एवं शिक्षक अनुदान नपाएका विद्यालयलाई कम्तिमा १ र बढिमा २ (दुई) जना शिक्षकका लागि अनुदान ।

घ) आधारभूत तह (नि.मा.वि.) कक्षा ६-८ संचालित विद्यालयहरु मध्ये १(एक) दरबन्दी वा शिक्षक अनुदान पाएका विद्यालयलाई १ (एक) जना शिक्षकका लागि अनुदान ।

ङ) आधारभूत तह (नि.मा.वि.) कक्षा ६-८ संचालित विद्यालयहरुमा प्रा.वि. तहको कम्तिमा ३ वा सो भन्दा बढी शिक्षक दरबन्दी भएको र नि.मा.वि. दरवन्दी नभएको विद्यालयलाई १ (एक) जना शिक्षकका लागि अनुदान ।

च) आधारभुत (प्राथमिक तह) तह १-५ सञ्चालित विद्यालयमा ३ जना भन्दा कम शिक्षक भएको र १-३ संचालितमा १ मात्र दरबन्दी भएकोमा १ जना शिक्षकका लागि अनुदान ।

छ) वालविकास सहजकर्ताको दरबन्दी शून्य भएको वा विद्यार्थी संख्याको अनुपातमा विद्यालयमा कम्तिमा दुइ जना वालविकास सहजकर्ताको लागि अनुदान ।

ज) विद्यालयहरुको छनौट गर्दा तह अनुसार कम्तीमा ५० जना र पुरै तह संचालन नभएको विद्यालयका हकमा एउटा कक्षामा ३० जना विद्यार्थी भएको हुनुपर्छ र त्यस्तो विद्यालयलाई सम्बन्धित तहको १(एक) जना शिक्षकका लागि अनुदान ।

झ) कुनै विद्यालयको विशेष आवश्यकतालाई सम्बोधन गर्नुपर्ने भएमा नगर शिक्षा समितिको निर्णयबाट अनुदान दिन सक्नेछ ।

ञ) शिक्षण सिकाइ सहयोग अनुदानको लागि विनियोजित रकमबाट नगरपालिकाले विद्यालयगत रुपमा अनुदान रकम नगर शिक्षा समितिको बैठकबाट निर्धारण गरिनेछ ।

ट) विदेह नगरपालिकाको नगरसभाबाट विनियोजन भएको रकमबाट शिक्षण सहयोग अनुदान विद्यालयहरुमा शिक्षण सिकाइ अनुदानको रुपमा प्रदान गरिनेछ ।

CS CamScanner

५. **शैक्षिक योग्यता :**

क. दरखास्त दिने उम्मेदवारको शैक्षिक योग्यता सम्बन्धीत तहका लागि शिक्षा नियमावली २०५९ र शिक्षक सेवा आयोग नियमावली २०५७ संशोधन सहितमा तोकिए बमोजिम हुनेछ ।

६. **उम्मेदवारको अयोग्यता:** देहायका व्यक्तिहरु शिक्षक पदमा उम्मेदवार हुनको लागि योग्य हुन्सक्ने छैनन:

क. गैरनेपाली नागरिक,

ख. १८ वर्ष उमेर नपुगेको र ४० वर्ष उमेर नाघेको र महिलाको हकमा ४५ वर्ष ननाघेको,

ग. मगज बिग्रेको,

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

ङ भविष्यमा सरकारी नोकरीको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,

च. सम्वन्धित तहको लागि योग्यता नपुगेको व्यक्ति,

छ. अध्यापन अनुमति पत्र र तालिम प्राप्त नगरेको व्यक्ति

तर नि.मा.वि. र मा.वि.तहमा अंग्रेजी, गणित र विज्ञान विषयको हकमा अध्यापन अनुमति पत्र र तालिम प्राप्त गरेको व्यक्ति दरखास्त नदिएको खण्डमा अध्यापन अनुमति पत्र र तालिम प्राप्त नगरेको तर शैक्षिक योग्यता पुगेको व्यक्ति पनि दोस्रो पटकको विज्ञापनमा उम्मेदवार हुन योग्य मानिने छ ।

## परिच्छेद-३
## पदपूर्ति, नियुक्ति र काम कर्तव्य

७. **पदपूर्ति:** नगरपालिकाबाट शिक्षण सहयोग अनुदान रकम, विद्यालयको छनौट भए पछि शिक्षक छनौट समितिले अंग्रेजी, विज्ञान र गणितमध्ये विद्यालयको आवश्यकतानुसारको विषयको शिक्षक पद खुल्ला प्रतियोगिताबाट निम्नानुसारको प्रक्रिया पुऱ्याइ छनौट गर्नुपर्नेछ:

क. विद्यालयलाई आवश्यक पर्ने शिक्षकहरुको लागि पद संख्या, आवश्यक



CamScanner

योग्यता, उमेर,परीक्षा हुने मिति, परीक्षको किसिम, स्थान सहितको विवरण खुलाई कम्तीमा १५ (पन्ध्र) दिनको म्याद राखी विद्यालयले विज्ञापन प्रकाशन गर्नुपर्नेछ । उक्त विज्ञापन न.पा. तथा विद्यालयको सूचनापाटीमा समेत प्रकाशित गर्नु पर्नेछ । तर विद्यालयगत अनुदान कोटालाई एकत्रित गरी सबैअनुदान कोटाको एकैचोटी पदपूर्ति हुनेगरी तहगत रुपमा न.पा.बाट विज्ञापनको सूचना निकाल्न यस दफाले बाधा पार्ने छैन् ।

ख. नियम ७ (क) बमोजिम प्रकासित विज्ञापन अनुसारको दरखास्त उपर छानविन गरी योग्यता पुगेका व्यक्तिलाई मात्र परीक्षामा सामेल गराई सफल उम्मेदवारको छनौट गर्नुपर्नेछ ।

ग. नगरपालिकाको शिक्षण सहयोग अनुदानमा शिक्षकको पदपूर्ति गर्नको लागि तपशिलमा उल्लेखित ,पदाधिकारीहरुको एक छनौट समति रहनेछ ।

**तपशिल**

१. नगर शिक्षा समितिको अध्यक्ष वा निजले तोकेको नगर शिक्षा समितिको सदस्य एक (१) जना ............ संयोजक
२. नगरपालिका भित्र संचालित सामुदायिक विद्यालयका उच्च तहको प्र.अ. वा निजले तोकेको उच्च तहको शिक्षक प्रतिनिधि दुई (२) जना ........... सदस्य
३. नगर शिक्षा समितिको अध्यक्षले तोकेको नगर शिक्षा समितिको महिला सदस्य एक (१) जना ............ सदस्य
४. नगरपालिकाको शिक्षा शाखा प्रमूख एक (१) जना ........... सदस्य सचिव

घ. नगरपालिकाको शिक्षा शाखाले प्रत्येक वर्षको चैत्र मसान्त भित्र विषय विज्ञको सुची अद्यावधिक गर्नेछ । यो निर्देशिका कार्यान्वयन हुनुपूर्व र यस निर्देशिका बमोजिम विज्ञहरुको सुची अद्यावधिक नहुदै शिक्षक पदपुर्ती गर्नुपरेमा साविक अद्यावधिक भएका विज्ञका सुची वा नगरपालिकले सुचना प्रकाशन गरी विषय विज्ञलाई सुचिकृत गरी प्रयोग गर्न सकिनेछ ।

ङ. विषय विज्ञमा सुचिकृत हुनका लागि इच्छुक प्रत्येक शिक्षक तथा



CamScanner

श्रोतव्यक्तिले आफ्नो शैक्षिक योग्यताका प्रतिलिपि, तालिम तथा अध्यापन अनुमति पत्रको प्रतिलिपि, स्थायी नियुक्तीको प्रतिलिपि पेश गर्नु पर्नेछ साथै आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसार सम्बन्धीत तह र विषयको १/१ थान उत्तर कुञ्जिका सहितको प्रश्न पत्र समेत न.पा.को शिक्षा शाखामा बुझाउनु पर्नेछ ।

च. विषय बिज्ञद्वारा निर्मित प्रश्नपत्रहरुलाई नगरपालिकाको शिक्षा शाखाले आवश्यकता अनुसार सम्बन्धीत विषयको विज्ञ समेत समावेश गरी, मोडरेशन गरी प्रश्नपत्रलाई अन्तिम रुप दिई सिलबन्दी गरी प्रश्नपत्र बैंकमा राख्न सकिनेछ ।

छ. शिक्षक छनोट समितिले शिक्षक सिफारिसका लागि लिइने लिखित, प्रयोगात्मक र अन्तरवार्ता जस्ता परिक्षाको केन्द्र नगरको सदरमुकाममा राख्नु पर्नेछ। तर प्राविधिक धारका विषय अध्यापन गर्ने शिक्षक/प्रशिक्षक छनोट गर्दा संचालन गर्नुपर्ने प्रयोगात्मक परिक्षाको सम्बन्धीत विषयको ल्याब भएको विद्यालयमा राख्न सकिन्छ ।

ज. आयोगले शिक्षक छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए शिक्षक छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नुपर्नेछ ।

झ. माध्यमिक तहको विज्ञलाई आधारभूत तहको विज्ञका रुपमा पनि प्रयोग गर्न सकिनेछ।

ञ. नगर कार्यपालिकाबाट स्वीकृत गरिएको यस निर्देशिकालाई सम्बन्धीत सबैले पालना गर्नुपर्नेछ।

ट. शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

१. शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रमअनुसार नै लिखित र अन्तरवार्ता परीक्षाको प्रश्नपत्र तयार गर्ने वा विषय विज्ञहरुबाट तयार गरी परीक्षा लिने ।

२. शिक्षक छनौट गर्नको लागि लिइने परीक्षाको समय र प्रक्रिया निर्धारण गर्ने तथा परीक्षा सम्बन्धी अन्य कार्य गर्ने ।

३. लिखित परीक्षाको नतिजा सबैभन्दा बढी अंक प्राप्त गर्नेउम्मेदवारहरु मध्येबाट वर्णानुक्रमानुसार प्रचलित



CamScanner

नियमानुसारको संख्यामा प्रकाशित गर्ने ।

४. उत्तीर्णाङ्क प्राप्त गर्ने उम्मेदवार आवश्यक संख्यामा नभएमा जति जनाले उत्तीर्णाङ्क प्राप्त गरे त्यति नाम मात्र प्रकाशन गर्ने ।

५. सफल र वैकल्पीक उम्मेदवारको नामावली योग्यताक्रमानुसार प्रकाशन गर्ने ।

६. सफल र बैकल्पिक उम्मेदवारहरुको जानकारी सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गराउनु पर्नेछ ।

७. शिक्षकको सेवा सर्त र सुविधा सम्बन्धि विषयमा न.पा./वि.व्य.स.लाई सुझाव दिने ।

८. शिक्षक छनौट समितिको बैठक सम्बन्धी र यस निर्देशिकामा उल्लेखित नभएका कुराहरुको हकमा थप कार्यविधि निर्धारण गरी कार्यान्वयन गर्ने ।

**८. परीक्षा, संचालन, अन्तरवार्ता र योग्यताक्रम सम्बन्धी व्यवस्था :**

क. शिक्षक छनोट समितिले लिने लिखित परीक्षाको पुर्णाङ्क १००, अन्तरवार्ता २५ र आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा २५ अंकको हुनेछ। लिखित परीक्षाको उत्तीर्णाङ्क ४० हुनेछ ।

ख. प्रश्नपत्र शिक्षक छनौट समितिका सदस्यकोरोहबरमा गोप्य रुपमा फोटोकपी गरी परीक्षा संचालन गरिनेछ ।

ग. शिक्षा शाखा प्रमुख वा निजले तोकेको अधिकृतको रोहवरमा सम्बन्धीत परीक्षा केन्द्र वा नगरपालिकाको हाताभित्र सम्बन्धीत विषय विज्ञ वा रोष्टरमा सुचिकृत विषय विज्ञद्वारा उत्तर पुस्तिका परीक्षण गराइनेछ।

घ. अन्तरवार्ताको अकं विभाजन आयोगले स्थायी शिक्षक छनौटका लागि तोकेअनुसार हुनेछ ।

ङ. छनौट प्रक्रिया सम्बन्धी छनौट समितिको निर्णयहरु निर्णय पुस्तिकामा अनिवार्य रुपमा लेखिएको हुनु पर्दछ ।

च. परीक्षा संचालनका सम्बन्धमा कुनै विषय विज्ञले अमर्यादित कार्य गरेमा, झुठा विवरण पेश गरे उम्मेदवारका बिच निष्पक्ष व्यवहार नगरेमा निजलाई विज्ञको सुचिबाट हटाउन सकिनेछ ।

छ. परीक्षा संचालनको खर्च व्यस्था सम्बन्धमा : समितिका पदाधिकारी वा विषय विज्ञलाई प्रचलित नियमानुसार पारीश्रमिक उपलब्ध गराइनेछ।

९. **नियुक्ति :** नगरपालिकाको अनुदानबाट शिक्षकहरुको नियुक्ति निम्न प्रक्रिया अनुसार गरिनेछ :

क. शिक्षक छनौट समितिको सिफारिसमा सफल उम्मेदवारलाई एक पटकमा एक आर्थिक वर्षको लागि कराको रुपमा विद्यालय व्यवस्थापन समितिले नियुक्ति दिनेछ ।

ख. नगरपालिकाले शिक्षक अनुदानलाई निरन्तरता दिएको खण्डमा अर्को आर्थिक वर्षका लागि नियुक्तिको म्याद थप गर्न सकिनेछ । तर एक पटकमा एक आर्थिक वर्षभन्दा बढी समयकालागि म्याद थप गर्न सकिने छैन् ।

ग. सफल उम्मेदवारको नतिजा प्रकाशन भई नियुक्तिको लागि सूचना प्रकाशित भएको १५ दिन (पन्ध्र) भित्र नियुक्ति लिई सक्नु पर्नेछ अन्यथा वैकल्पिक उम्मेदवारलाई नियुक्ती दिइनेछ ।

घ. सफल भएका शिक्षकलाई सम्बन्धित विद्यालयले हाजिर नगराएको खण्डमा त्यस्ता विद्यालयको अनुदान कोटा आवश्यकताको आधारमा अन्य विद्यालयलाई नगर शिक्षा समितिको निर्णयानुसार दिइनेछ ।

ङ. परीक्षण अवधि ६ (छ) महिनाको हुनेछ ।

१०. **काम, कर्तव्य नगरपालिकाको:** अनुदानबाट नियुक्त भएका शिक्षकहरुको काम कर्तव्य निम्नानुसार हुनेछ ।

क. विद्यालयमा नियमिति रुपमा हाजिर भई अध्यापन गर्ने ।

ख. विद्यालयले तोकेको अन्य कार्यहरु जिम्मेवारीका साथ गर्ने गराउने

ग. प्रधानाध्यापकको निर्देशन अनुसारको कामकाज गर्नु पर्ने ।

घ. विद्यालयको भौतिक सम्पत्तिको संरक्षणमा सहयोग गर्ने ।

ङ. विद्यालयको शैक्षिक वातावरण निर्माणमा सहयोग गर्ने ।

च. विद्यालयका गोप्य कुराहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भंग गर्नपाइने छैन ।

छ. आफ्नो जिम्मेवारी अनुसारको कार्य विदाको दिनमा पनि गर्नुपर्ने ।



CamScanner

## परिच्छेद-४
## तलब भत्ता र विदा

**११. तलब भत्ता :**

क. नगरपालिकाबाट प्रदान गरिएको शिक्षण सहयोग अनुदानबाट नियुक्त भएका शिक्षकको तलब भत्ता शिक्षण सहयोग अनुदानका रुपमा विद्यालयलाई मासिक वा चौमसिक रुपमा निकासा पाउनेछन् । विद्यालयले शिक्षकलाई उपलब्ध गराइ भरपाइ विवरण नगरपालिकामा पेश गर्नुपर्नेछ ।

ख. नगरपालिकाको शिक्षण सहयोग अनुदानबाट नियुक्त शिक्षकले प्रत्येक वर्ष १ महिनाको अनुदान बराबरको रकम चाँडपर्व खर्च वापत पाउनेछन् ।

**१२. विदा :**

क. शिक्षकले वर्ष भरीमा भैपरि ६ दिन, पर्व ६ दिन,बिरामी १२ दिन र क्रिया विदा शिक्षा नियमावलीनुसार १५ दिन तथासुत्केरी विदा अघि वा पछि ६० दिन र प्रसूति स्याहार विदा १५ दिन सेवा अवधि भरिमा २ पटक पाउनेछन ।

ख. विदामा बस्नु पर्दा विदा पूर्व स्वीकृत गराउनु पर्नेछ ।

ग. विरामी विदा जति भए पनि संचित गर्न सकिनेछ तर सो वापतको रकम पाइने छैन ।

घ. विदा सहुलियत हो अधिकार होइन ।

## परिच्छेद-५
## शिक्षकको आचारसंहिता

**१३. आचारसंहिता :** नगरपालिकाको अनुदानबाट नियुक्त शिक्षकले तपसिल अनुसारको आचारसंहिता पालना गर्नु पर्नेछ ।

क. नियमित रुपमा प्रत्येक दिन विद्यालयले तोकेको समय र पोशाकमा हाजिर भई अनुशासित रुपमा तोकिएको आफ्नो जिम्मेवारी पूरा गर्ने ।

ख. विद्यार्थी र शिक्षक बिच मित्रवत रुपमा व्यवहार कायम गर्ने ।

ग. आफ्नो पेशा प्रति इमान्दारिता साथ विद्यालयको चौतर्फी विकासमा जोड दिने ।

घ. जुन सुकै परिस्थितीमा पनि विद्यालयका गोप्य हुनु पर्ने कुराहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भंग गर्न पाइने छैन ।

ङ पद अनुसारको आचरण पालना गरेको हुनु पर्दछ ।

च. विद्यालयको हित विपरीत कार्यमा सहभागी भई कार्यालय घेराउ गर्ने,ताला बन्दी गर्ने,शारीरिक तथ मानसिक दबाव दिने उद्देश्यले कुनै किसिमको कार्य गर्न वा गराउन समेत पाइने छैन ।

छ. विद्यालय हाता भित्र धुम्रपान, सुर्तीजन्य पदार्थ सेवन गर्न पाइने छैन् ।

ज. मादक पदार्थसेवन गरी विद्यालय भित्र प्रवेश गर्न पाइने छैन ।

झ. आर्थिक अनुशासन भित्र रहनु पर्नेछ ।

ञ. विदामा बस्दा विदा स्वीकृत गराएर मात्र बस्न पाइनेछ ।

ट. शिक्षक कर्मचारीले पालना गपर्नु यस कार्यविधिमा छुट भएका अन्य आचारसंहिताको हकमा शिक्षा नियमावली २०५९ र शिक्षा ऐन २०२८ ले निर्दिष्ट गरेको आचारसंहिताको पालना गरेकोहुनु पर्नेछ ।

## परिच्छेद-६
## सजाय र पुरस्कार सम्बन्धी व्यवस्था

१४. **सजाय :** उचित र पर्याप्त कारण भएमा नगरपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई देहाय बमोजिमको सजाय गर्न सकिनेछ ।

क. नसिहत दिने।

ख. तलब रोक्का गर्ने ।

ग. आवश्यक क्षतिपूर्ति गराई जरिवाना गर्ने ।

घ. निश्चित समयको लागि निलम्बन गर्ने ।

ङ. सेवाबाट हटाउने वा बर्खास्त गर्ने ।

१५. **नसिहत दिने :** शिक्षकले विद्यालयमा समयमा नआउने, जिम्मा दिएको काम समयमा नगर्ने र जाने समय पालन नगरेको खण्डमा निजलाई नसिहत दिन सकिनेछ ।



CamScanner

**१६. तलब रोक्का गर्नेदेहायका:** अवस्थामा नगरपालिकाको अनुदानबाट नियुक्त शिक्षकको तलब रोक्का गर्न सकिनेछ ।

क. अनुशासनहीन काम गरेमा ।

ख. बारम्बार विद्यालयले दिएको निर्देशनपालना नगरेमा ।

ग. बारम्बार विना सूचना विद्यालयमा अनुपस्थित रहेमा ।

घ. विद्यालयको काम समयमा सम्पन्न नगरेमा ।

ङ विद्यालय प्रशासनले दिएको मौखिक वा लिखित आदेशपालना नगरेमा ।

च. आफ्नो पदीय जिम्मेवारी वहन नगरेमा ।

छ. मादक पदार्थसेवन गरी विद्यालय आउने गरेमा ।

ज. विद्यालयको गोपनियता भंग गरेमा ।

झ. यस कार्यविधिमा उल्लेखित आचारसंहिताको पालना नगरेमा ।

**१७. आवश्यक क्षतिपूर्ति गराई जरिवाना गर्ने :** नगरपालिकाको अनुदानबाट नियुक्त कुनै पनि शिक्षकले जानाजानी लापरवाही गरी प्रचलित कानुन उल्लङ्घन गरी विद्यालयलाई कुनै हानि(नोक्सानी गरे वा गराएमा त्यसरी हुन गएको क्षतिको रकम आंसिक वा निजकै पूरा तलबबाट कट्टा गरी असुल उपर गरिनेछ एवं तलबबाट नपुग भएमा निजको जायजेथाबाट असुल उपर गरिनेछ ।

**१८. निश्चित समयको लागि निलम्बन गर्ने:** नगरपालिकाको अनुदानबाट नियुक्त कुनै पनि शिक्षकलाई सजायको आदेश दिनुभन्दा अघि कुनै विषयमा जाँच गर्नुपरेमा निजलाई सजाय गर्ने अधिकारीले निश्चित समयको लागि निलम्बन गर्न सक्नेछ ।

**१९. सेवाबाट हटाउने वा बर्खास्त गर्ने:** (१) देहायका अवस्थामा नगरपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई भविष्यमा शिक्षण संस्थामा नोकरीको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ ।

क. आफ्नो पदीय जिम्मेवारी वहन नगरेमा ।

ख. मादक पदार्थ सेवन गरी विद्यालय आउने गरेको कुरा प्रमाणित भएमा ।

ग. विदा स्वीकृत नगराई विद्यालयको प्रशासनिक कार्य रोकिने गरी १५ (पन्ध्र) दिन सम्म अनुपस्थित भएमा ।

घ. विद्यालयलाई हानी नोक्सानी हुनेगरी कार्य बारम्बार गरेमा ।

ङ. पदीय रुपमा विद्यालयको गोपनियता भंग गरेमा ।



CamScanner

च. अनुशासन तथा आचरण सम्बन्धित व्यवस्था बारम्बार उल्लघंन गरेमा।

छ. नैतिक पतन देखिने गरी कुनै किसिमको कार्य गरेको व्यहोरा प्रमाणित भएमा ।

ज. मगज विग्रेमा ।

झ. विद्यालयलाई असर पर्ने गरी तथा एउटै समयमा अन्य संस्थामा काम गरेमा ।

(२) देहायका अवस्थामा नगरपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई भविष्यमा शिक्षण संस्थामा नोकरीको लागि अयोग्य ठहरिने गरी सेवाबाट हटाउन सकिनेछ ।

क. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा।

ख. भ्रष्टाचार गरेको कुरा प्रमाणित भएमा ।

ग. नोकरी पाउने उद्देश्यले जाली प्रमाण पत्र पेश गरेमा ।

**२०. सफाईको अवसर दिनुपर्नेः**

क. सजाय दिन पाउने अधिकारीले नगरपालिकाको अनुदानबाट नियुक्त कुनै शिक्षकलाई सजाय गर्ने आदेश दिनुभन्दा अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाकाट बञ्चित गरिने छैन। त्यस्तोमा सम्बन्धित शिक्षकले पनि म्यादभित्र आफ्नो सफाइ पेश गर्नुपर्नेछ ।

**२१. सजाय गर्ने अधिकारीः** नगरपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई सजाय गर्ने अधिकारी देहाय बमोजिम हुनेछन् ।

क. शिक्षकलाई चेतवनी दिने, नसिहत दिने, गयल कट्टा गर्ने प्र. अ. ।

ख. तलब रोक्का गर्ने प्र. अ.को सिफारिसमा शिक्षा शाखा प्रमुख ।

ग. सेवाबाट हटाउने वा बर्खास्त गर्ने वि.व्य.स.को सिफारिसमा नगर शिक्षा समिति ।

**२२. पुरस्कारः** उत्कृष्ट सिकाइ उपलब्धि हासिल हुनेगरी शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्ने र विद्यालयको व्यवस्थापनमा सहयोग पुर्याई गुणस्तरीय शिक्षाको विकासमा सहयोग पुर्याउने शिक्षकहरुलाई नगर शिक्षा समितिले पुरस्कृत गर्ने छ ।



CamScanner

## परिच्छेद-७
## विविध

२४. विविध :

क. यस शिक्षण सहयोग अनुदान सम्बन्धि कार्यविधि २०७८ मा समयानुसार थपघट गर्ने अधिकार नगर शिक्षा समितिमा रहनेछ ।

ख. नगरपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई आवश्यकतानुसार नगरपालिकाले निरन्तरता दिन सक्नेछ ।

ग. यो कार्यविधि जारी भएपछि संघीय सरकार र प्रदेश सरकारबाट शिक्षण सिकाइ सहयोग अनुदान प्राप्त भई विद्यालय तहमा शिक्षक नियुक्ति गर्नु परेमा यसै कार्यविधि बमोजिम गर्न सकिने छ र ती शिक्षकका हक्मा पनि यस कार्यविधिमा उल्लेख भएका कुराहरु लागु हुनेछन्

घ. यस कार्यविधिमा उल्लेख नभएको कुराहरुको हकमा शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९ र शिक्षक सेवा आयोग नियमावली २०५७ अनुसार हुनेछ ।

ङ. यस कार्यविधि बमोजिम कार्य सम्पन्न गर्दा कुनै द्विविधा वा बाधा उत्पन्न भएमा नगर शिक्षा समितिको निर्णयानुसार हुनेछ ।

---

**अज्ञाले,**
**संजीव कुमार साह**
**प्रमुख प्रशासकीय अधिकृत**



CamScanner